# प्रदेश सभा डायरी



माननीय ठम्मरबहादुर बिष्ट *

राजनीतिक परिवर्तनसँगै हामी आफैले ल्याएको संघीयता र गणतन्त्र सहितको शासन प्रणाली हाम्रो देशमा स्थापित हुँदै जाँदा अब हामीले युद्ध र आन्दोलनबाट उठाएका जनताका एजेण्डाहरूले सार्थक रूप पाउने छन् र कम्तीमा पनि भौतिक आवश्यकता, अधिकार र सम्मान सबै नागरिकले प्राप्त गर्नेछ न्भन्ने ठूलो अभिलाषा नागरिकमा छाएको थियो । संयोगवश शासकीय प्रणाली र राजनीतिक परिपाटीको आमूल परिवर्तनसँग यो पंक्तिकारसमेत विगतमा भिन्न स्वरूपका युद्ध र मोर्चाहरू सम्हाल्दै माननीयको रूपमा पगरी गुथ्दै इतिहासमा पहिलोचोटी नयाँ अनुहार लिएर संसद भवन प्रवेश गरेको थियो । जुन दिन सपथ खादैं थिए मलाई भर्खरै जस्तो लाग्छ सपथ खाने भुमीमा म टक्क उभिदै सम्मालीदै गए, अनि झसङ्ग भए ती खोलाखाल्सामा अइया र आत्था भन्दै मृत्युवरण गर्दै गरेका सहिदहरूका आवाजहरू मेरो कानमा ठोकिदै गए । पुनः सपथ खाँदै सम्हालिए र सपथका कानुनी व्यहोरा जे-जस्ता भए पनि भित्री आत्माको दियोमा प्रज्वलित भइरहेको प्रथम पंक्तिलाई नियाल्दै सपथ खाए "देश र जनताको लागि मृत्युबरण गरेका सहिद तिम्रो साख नगिर्ने गरी काम गर्नेछु।" विस्तारै संसदको गतिविधि पनि सुरु भयो । औपचारिक सपथ खाएको दिनलाई हिसाब गर्ने हो भने २०७४ माघ ७ गते सपथ खाएको पनि अब २ वर्ष पार भैसकेको छ । प्रारम्भमा हामीले अत्यन्तै उत्साहपूर्वक संसदका बैठकहरूमा भाग लियौं । हामी तेश्रो चौमासिक बजेट, पूर्व बजेट छलपल हुँदै नीति, कार्यक्रम तथा २०७४/०७५ को बजेटउपर समेत घनिभूत रूपले छलफलमा भाग लियौं । त्यतिन्जेलसम्म सरकार पनि केही गर्ने उत्साहसहित सहभागी भएको आभाष हुन्थ्यो । जब बजेट आयो हामी सत्ता पक्ष या प्रतिपक्षका सबै सांसदहरू छानाबाट खसे झै भयौं । किनकी हामी सबैले कम्तीमा दुइवटा कुरा बजेटमा अपेक्षा गरेका थियौं । पहिलो हामीले हाम्रो निर्बाचन क्षेत्रका विकास र योजनाहरू हाम्रो व्यक्तिगत चाहना र इच्छाभन्दा पनि विगतमा नेपालमा हुने गरेका नीति कार्यक्रम र बजेट विनियोजन प्रणालीको तौरतरीका भन्दा भिन्न ढङ्गले नितीगत रूपमै जनताको आवश्यकता र चाहना बमोजिम आमूल परिवर्तनकारी बजेट बन्नु पर्छ भन्ने धारणामा एक मत थियौं । विगतका बजेट बिनियोजनको अवस्था भनेको अत्यन्तै कमजोर र घीनलाग्दो परिपाटीमा हुने गर्थ्यो । सम्बन्धितक्षेत्रको जनता र भूगोलको आवश्यकता भन्दा पनि सरकारमा भएका मन्त्रिहरूको के स्वार्थ छ त्यसको आधारमा, ठूला योजनाहरू कहाँ र कस्लाई हाल्दा बढी कमिसन आउँछ, त्यस्तो कुरालाई आधार मानेर

---

* सदस्य, कर्णाली प्रदेश सभा

पार्टी भित्रका त हुदै होइन नत गुट भित्रका केवल नातावाद कृपावाद आदि इत्यादीलाई प्रश्रय दिएर बजेटको बितरण हुने गर्दथ्यो । यी र यस्ता खाले सबै बिरासतहरूलाई चिर्दै सांच्चिकै यो नया ब्यबस्था र परीपाटीमा सरकारको बिशुद्ध ब्यक्तिगत चाहना, दाउपेच, शक्ति र कमिसनको आधारमा नभई विकासको आवश्यकता र जनताको चाहनाअनुसार विकासको लागि बजेट विनियोजन निर्धारण हुनु पर्छ भन्ने कुरामा प्रारम्भमा शायद हामी सबै सांसद र सरकारको समेत पबित्र इच्छा भएको कुराको आभाष झल्कन्थ्यो ।

घटनाले नाटकीय रूप तब लियो जब हामीले २०७४/०७५ को बजेटउपर छलफल गर्दै आफ्ना क्षेत्रमा पर्ने प्राथमिकतामा रहेका योजनाहरूको नाम सरकारमा पेश गरेपछि सरकारले ल्याएको बजेटसँग तुलना गर्दा आकाशपाताल फरक पारेर बजेट प्रस्तुत भयो । त्यसपछी भने म भित्र एकाएक प्रश्न उठ्न थाल्यो । आशा भोस्लेले गाएको गीत झैं "के सोचे मैले के भयो अहीले" भने जस्तै दिमाग खल्बलिन थाल्यो । यत्तिकैमा हरेस खाने कुरो थिएन जिन्दगी एउटा संघर्षको मैदान हो भन्ने कुरा राम्रैसँग बुझेको एउटा सिपाहीको हैसियतले सरकारले गरेको यस्तो मनपरीतन्त्रको कदमलाई नजिकबाट गम्भीर भएर सामना गर्दै अघी बढ्नुको बिकल्प थिएन । सरकारले गरेका कामहरूको मानसपटलमा स्मरण गर्दै जांदा मलाई हीटलरले विजय पछीको उन्माद पश्चात भनेको एउटा भनाईको झल्झली याद आयो "मार्नुस, नष्ट गर्नुस, झुट बोल्नुस, विजय भएपछी तपाइलाई कसैले सोध्दैन, किन भनेर "? हुनत यही संसदले जन्माएका मन्त्री हुनुहुन्छ उहाँहरू । माननीय सदस्यहरूको भ्रुणबाटै पैदा भएको आकृति हुँदाहुँदै पनि सत्ता प्राप्ती र दौडको उन्मादले स्थिति कहाँसम्म पुग्दो रहेछ भन्ने प्रत्यक्ष दृष्य हेर्दा हेर्दै आफैले बेहोर्नु पर्ने भयो । यसपछी संसदका प्राय: बैठक र बिभिन्न माध्यमबाट एक ठाउँ उभिएर माननीय सदस्य र सरकारको बीचमा भएको गतीको आधारमा बजेट ल्याउन एकमतका साथ सरकारलाई अनुरोध गर्यौं, अन्तत: सरकार आफ्नो योजनाबाट डग्मगायो र प्रस्ताव मान्न बाध्य भयो । अन्तत: जब रातो बुकमा ब्रेक डाउन गरेर बजेट आयो पुन: सुरुको भन्दा अझ पछाडी फर्केर बजेट प्रस्तुत गर्ने काम भयो । सम्भवत: यो नै कर्णाली प्रदेशको गीनिज बुकमा नाम लेख्ने स्तरको पहिलो आश्चर्यकर्म घटनाको रूपमा यो घटना दर्ज हुन पुग्यो । कर्णाली प्रदेश सभाको सभामा सम्पूर्ण माननीयहरूले एउटा छलफल गर्छन्, त्यसको मसी सुक्न नपाउँदै अर्को ड्राफ्ट रातारात तयार हुन्छ र संसदको सार्वभौमतालाई कमजोर बनाउने काम हुन्छ । सांसदहरूको विरोधको बाबजुद सरकार पछि हट्छ, पुन: आफनो अनुकूलतामा बजेट प्रस्तुत गर्दछ । यो आफ्नै पार्टीको सरकार भए तापनि यस्तो दृश्य हेर्दा महान नेता माओले भनेको भनाई याद आयो "प्रतिक्रियावादीहरू आफ्नो अन्तिम विनास नहुन्जेलसम्म गडबढ गरिरहन्छन्"।

तर घटनाको श्रृखला त्यत्तिमानैं रोकिएन, चालु आ.व.को बजेटमा त उहाँहरूको उदमादसँग मुकाबिला गर्न सक्ने कुरै भएन । त्यस्तै सो आ.व.को बजेटको वार्षिक बजेट कार्यान्वयन प्रक्रियामा करिव ६ महिनापछि जब बजेट रकमान्तरको मौसम आयो फेरि अर्को आश्चर्यजनक कर्म घट्यो, रकमान्तरअन्तर्गत जति रकम थियो, त्यसलाई उहाँहरूले आफ्नो अनुकूल वार्षिक बजेटमा भएको बण्डा र डल्लो रकमलाई एकदमै तल्लो स्तरको मनोवृत्ति अनरूप मापदण्ड बिनै करोडौं रुपैयाँ बाँड्नु भयो त्यो पनि केवल सरकारमा रहेका मुख्य मन्त्री र मन्त्रीहरूको आफ्नो निर्वाचन क्षेत्रका आसेपासेहरूलाई । अझ अचम्मको आश्चर्यजनक के भयो भने जुन शीर्षकमा बढी असन्तुलन छ त्यस्ता शीर्षकलाई सरकारले हटाउने प्रण गरेको थियो तर पछी चोर बाटोबाट मन्त्रीका आफ्ना क्षेत्रमा सबै योजना लागु भएरै छोडे तर अन्य माननीय सांसदको क्षेत्रमा बजेट विनियोजनको शून्य अवस्था

आयो । त्यस्तै २०७५/०७६ को बजेटमा अर्को असंतुलन देखियो जुन मठमन्दिर लगायतको शीर्षक थियो । बजेटमा सरकारले सयौं मठ मन्दिरलाई बजेटको ब्यबस्था गरेको थियो, बिना आधार र आदर्श बिपरीत कम्यूनिष्ट सरकारले छुटयाइएको यस्तो शीर्षक रकम उपर संसदमा चर्को बिरोध भयो पछी पर्यटन मन्त्री लगाएत मुख्य मन्त्रीले समेत यसलाई फिर्ता लिने बचनबद्धता प्रकट गरे । अन्तत बजेट कार्यान्वयनको स्थिती हेर्दा सरकार र मन्त्रीले छानेका योजनामा मात्र बजेट खर्च भएछ । यो कर्णाली प्रदेश सरकारले गरेको अर्को आश्चर्य कर्म थियो ।

समय बित्दै जाँदा बिस्तारै सरकार र संसद बिच खटपट क्रमश बढ्दै गयो यसै मेसोमा पुन आ.व. २०७६/०७७को बजेट सरकारले सदन समक्ष प्रस्तुत गर्यो । हामी सबैलाई लागेको थियो गतवर्षको गतिबिधीबाट जसरी पनि सरकारले पाठ सिकेर अहिले केही सुधार गरेर बजेट ल्याउने छ भन्ने पुर्वानुमानलाई मिथ्या सावित गरिदियो । कति सम्म भने मन्त्रीको आफ्नो ब्यक्तिगत स्वार्थमा बजेट बितरण गर्ने कार्यमा अवरोध गर्ने कुनै शक्ति थिएन नै कुल बजेटमा थोरै अंकको बजेट कनिका छरे जस्तो प्रदेश निर्बाचन क्षेत्रमा बितरणको शैली अपनाउदै ठुलो धनरासी "डल्लो बजेट"को रूपमा सरकारले भबिष्यमा आफ्नो अनुकुल खर्च गर्न पाउने प्राबधानलाई मार्ग प्रसस्त गर्दै बजेटलाई पुरै अंकुश लगाउने काम भयो । बिशेष गरी यस्तो डल्लो बजेट मुख्य मन्त्री र आर्थिक मामला मन्त्रीको नियन्त्रणमा रहने र वितरणमा सहज हुने गरी छुटयाइएको अवस्था थियो । यस अघीकै २ वटा बजेट हेरेर कुँडिएका सांसदहरूबाट संसद भवन तातिने वाताबरण बन्नु स्वभाबिक नै थियो । फेरी अर्को आश्चर्यजनक घटना घट्न पुग्यो कि बजेटलाई संतुलित गर्ने, डल्लो बजेटलाइ फुटाउने, प्रदेश गौरब र रणनैतिक योजनाहरूमा खर्चको मात्रा बढाउने , मन्त्रीका क्षेत्रको बढी भएको रकम घटाई प्रदेश संसदका निर्बाचन क्षेत्रमा बजेटको अंक बढाउने लगायतका चार बुंदालाई समेटी बजेट सच्यायर ल्याउने वाचा मात्र गरेन, सरकारका तर्फबाट संसदको रोष्टमको अगाडि उभिएर मुख्यमन्त्री र आर्थिक मामिला मन्त्रीले प्रतिबद्धता जनाउने काम समेत भयो तर बजेट प्रस्तुत गर्दा त्यो कुरा पुरै छुटाएर ल्याउदा माननियहरू आक्रोसीत हुनु स्वभाबिक थियो । यसरी क्रमश सरकारले एक प्रकारले सांसद भवनलाई वाक युद्धको हिसाबले कुरु क्षेत्रमा बदल्न विवस बनायो ।

तर आश्चर्यको श्रंखला रोकिने कुरा थिएन सरकारले सिङ्गै बजेट छुट्याएर ल्याउँदा सत्तापक्षकै सांसदहरूले सदन चर्काउदा समेत प्रतिपक्षले केही समय सत्तामा सरकारको यस्तो रबैयाको खुलेर बिरोध मात्र गरेन आन्दोलनको सृष्टी गर्ने, अब संसदमा सरकारले उचित सम्बोधन नगरे संसदमा कहीले पनि नफर्कने चेतावनी समेत गर्यो तर ५ मिनेट नबित्दै सरकारको तर्फबाट कुनै ठोस सम्बोधन नभैकनै सत्तापक्षका सांसदहरूले रोष्टम नछोडिरहेकै अवस्थामा एकाएक सरकारलाई काँध हाल्न पुगे । प्रतिपक्षले समेत एक सय असी डीग्री फन्को मारेर विचित्रको लोकतन्त्रको अभ्यास गरे । सरकारका आर्थिक मामिला मन्त्रीले सत्तापक्षको संसदीय दलमा छलफल भए अनुसार पुरै बजेट नैं छुटाएर संसदमा प्रस्तुत गरेको अवस्था थियो भने अर्कोतिर आफुलाई लोकतन्त्रको हिमायती भन्ने पार्टीले यस्तो गम्भीर त्रुटीलाई बुझि बुझिकन ठोस सम्बोधन नभएसम्म आफ्नो एजेण्डा दर्ज गरी राख्नुको सट्टा उल्टै बजेटको अङ्गको रूपमा ल्याउँछु भनेर मन्त्रीले भनेकै भरमा कुन प्रलोभन र दबावमा प्रतिपक्ष यति छिट्टै गल्नपुग्यो यो कुराको जवाफ इतिहासले क्रमश खोतल्दै जाला ।

तर आश्चर्यजनकको श्रृङ्खलाको क्रममा अर्को आश्चर्यकर्मको अध्याय थपिन पुग्यो । ठूलो दंगा फसादका बिचबाट मुख्यमन्त्री र आर्थिक मामिला तथा योजना मन्त्रीले पाँच बुदालाई पूर्ण बजेटको अङ्गको रूपमा ल्याउने प्रतिबद्धता गरीसकेपछी संसदको ढोका बिस्तारै खुल्दै गएको थियो । तर

तत्कालै अर्को आश्चर्यकर्म घटीहाल्यो सरकारका मुख्यमन्त्री र अर्थमन्त्रीले सम्मानित सदनको अगाडि एकसय असी डीग्री फन्को मार्दै प्रमाणीकरणमा सो शीर्षकलाई छुटाएर अन्तिम बजेट प्रकाशन गर्ने काम भयो । कर्णाली प्रदेशको राजनैतिक इतिहासमा अत्यन्तै हाँस्यास्पद र संसदलाई लत्याइएको मात्र अवस्था थिएन यो घटना चरम आर्थिक अनुशासनको उल्लंघन समेत थियो तर जो चोर उसैको ठुलो स्वर भने जस्तो आज जनताको पक्षमा सत्य र न्यायपूर्ण कुरा उठाउने सांसदहरू निरीह जस्ता अनि सकारमा बस्ने मन्त्रीहरू सफल शासकको रूपमा आफुहरूले इतिहांस रचेको बिगुल फुकिरहेका छन् । सम्पुर्ण परिदृष्य देख्दा र भोग्दा लाग्छ "बाकुनिनको जङ्गी घोडा"को रफ्तारमा अगी बढी रहेको छ, यो सम्पुर्ण प्रक्रियामा सत्य र न्यायको पक्षमा कुरा उठाउदै जाँदा अन्तत सांसदहरूले पाँच बुँदामा उल्लेख गरेको कुरा मान्ने वा अन्य जटील बिकल्पको सामना गर्ने सरकार संग धेरै विकल्प बाँकी रहको थिएन ।

अन्तत सरकार संसदका अगाडि गल्न पुग्यो र जालझेल षडयन्त्रका फोकाहरू फुट्दै गए र जनताका पक्षमा आंशिकरूपमा भए पनि कम्तीमा निम्नतम उपलब्धी हाँसील भयो । यसले प्रत्यक्षत: वीरेन्द्रनगर नगरपालिका लगायत पुर्बाधारका क्षेत्रमा प्रत्यक्ष फाइदा पुग्यो । वीरेन्द्रनगरको पानी र सडकको क्षेत्रमा उल्लेख्य बजेट छुटयाउन सांसदहरूको प्रयासले सफल भयो । जो देहायबमोजिमका रहेका छन् ।

१) बिरेन्द्रनगर नगरपालिकाको खानेपानीको क्षेत्रमा ५० करोड बजेट विनियोजन भयो ।
२) राजधानी रहेको नगरपालीकाका सडक मर्मत गर्ने क्षेत्रमा करोडौं रुपैयाँ छुट्टियो ।
३) निर्बाचन क्षेत्रमा पाँच करोडको दरले रु १ अर्ब २० करोड रुपैयाँ विनियोजन भयो ।
४) तेलपानी-भुरीगाउँ सडक, हील्सा सडक, भेरी कोरीडोर र कर्णाली कोरीडोर सडक, रारा ताल लगाएतका क्षेत्रमा बजेटको आकार बढयो ।

यद्यपी अबैधानिक ढंगले डल्ला बजेटहरू अहिले पनि सरकारको ढुकुटीमा केन्द्रित भएता पनि ठुलो डल्लोलाई फुटाएर मझौला डल्लो बनाई जनताका पक्षमा प्रत्यक्ष जनतालाई लाभ पुग्ने गरी बजेट बिनियोजन गर्न सांसदको प्रयासले आंशिक रूपमा सफल भयो यो पनि कर्णाली प्रदेश सभामा घटेको अर्को चमत्कारीक घटना नैं थियो । जेहोस् यसरी सरकार माथि उल्लेख भएका पांच बुंदालाई सांसदहरूको दवावका कारण सम्बोधन गर्न बाद्य भयो ।

यी कुरा संसदमा भए गरेका उल्लेखित काम र सरकारको अवस्थाको बारेमा उठाइएका केही दृष्टान्त मात्र थिए । सरकारको आश्चर्यजनक यतिमा मात्र सीमित भएन । बाहिर कार्यक्रममा जांदा मुख्यमन्त्रीसहित लाइन लागेर कार्यक्रममा जाने र जग हसाउने र चौतर्फी आलोचना भएपछी क्याबिनेटबाट अब यस्तो नगर्ने भन्दै निर्णय गर्न नछाड्ने । मिनिष्टर मात्र जाने भनेर निर्णय गर्ने, तर फेरी आफ्नो बिग्रेको व्यवहार नछोड्ने निरन्तर यो प्रक्रिया चलीरहेको छ । मन्त्रीहरू लाइन लागेर जाने उद्घाटन शिलान्यास गर्ने, शेलीब्रेटी टाइपका कार्यक्रममा नैं सरकार बढी व्यस्त र यसमा नैं सफलताको निष्कर्ष निकाली रहेको छ । कुनै पनि कार्यक्रममा जाँदा कुन कार्यक्रममा आफु गैरहेको छु त्यो कुराको समेत हेक्का नराखी अभिब्यक्ति कलामा समेत एकपछी अर्को आश्चर्यकर्म घटी रहेका छन । कृषिको कार्यक्रममा जांदा यौवनका कुरा, पर्यटनको कार्यक्रममा धर्मका कुरा, महिलाहरूको उत्थान सम्बन्धी कार्यक्रममा एनजीओका कुरा, बुद्धिजिबीको कार्यक्रममा किसानका कुरा । यसरी सरकारको नीति, कार्यक्रम र आफ्नो पदीय मर्यादाको ख्याल नै नगरी साधु सन्त र फकीर जस्तो लौकिक अलौकिक सबै कुरा गर्ने क्रम बढ्दो छ । कार्यक्रममा बोल्दै गर्दा हौसियर देशको त कता

हो कता संसारकै नं. १ प्रदेश बनाउने उदघोष गर्ने, तर कार्यक्रमको विषयवस्तु तिर हैन जुन सुकै ठाउँमा चौबिसै घण्टा फेसबुकमा रमाई राख्ने तर अरुका लागि फेसवुक बन्द गर्छु भन्ने, कहिले आयो एनजीओ वा फलानो ढिस्कानो संस्था बन्द गर्छु भन्ने आदि इत्यादी आश्चर्ययुक्त उदेकलाग्दा कामहरू देख्दा ... भन्दा देख्नेलाई लाज भने जस्तो भैरहेको छ । सरकारको सार्वजनिक कार्यसम्पादन स्तरलाई हेर्यो भने कुनै पनि बिषयमा गहिरो अध्ययन गरेर जाने भन्दा पनि बिना अध्ययन हचुवाको भरमा पकेटमा हात हालेर जाने र बिषयवस्तु शुरु गर्ने अत्यन्तै भद्दा र लाजले शीर निहुँराउनु पर्ने स्थिति छ ।

तर सरकारको आश्चर्यजनक यतिमा मात्र ब्रेक लागेन, सरकार कम्युनिष्टको दुइ तिहाई के तीन तिहाइको सरकार छ कर्णाली प्रदेशमा तर आज सचिवालयमा, राज्यमेसेनरीमा, राजनैतिक भागबण्डाऽ नियुक्तिमा नैतिकताऽ आदर्श र मुल्य मान्यताबाट च्युत भएर ब्यक्तीहरूको सरुवा बढुवा र नियुक्ति गर्ने कुरा आफनो निजी स्वार्थमा बाबुको पेवा जस्तो गरी शक्तिको परिचालन गरीरहेका छन्। यसो गर्दागर्दै पनि पार्टी वर्ग र काममा पहलकदमी लिने हिसावले नभई परिणाममा धारासायी हुने गरी कम्यूनिष्ट पार्टीको धज्जी उडाउने मात्र होइन प्रदेश सभालाई नैं लज्जाबोध बनाउने कामहरू सरकारको तर्फबाट भैरहेका छन । अर्को आश्चर्यकर्म भनेको कार्यबिधीका नाममा मनपरीतन्त्र गर्नु हो । संविधान र कानुनले व्यवस्था गरेको सार्वभौमर ब्यबस्थाले परिभाषीत गरेको जनताबाट अनुमोदित सर्वोच्च संस्था भनेको संसद हो । तर केही महिना वा केही वर्ष होइन सरकार बने देखि निरन्तर कार्यबिधीको नाममा सरकारले सांसदलाई छलेर ब्रह्मलुट गरिरहेको छ । चाहे करार कर्मचारी नियुक्त गर्ने सवालमा होस, वा अबण्डा डल्लो रकमलाई विनियोजन गर्ने सवालमा होस, बजेट रकमान्तर होस, लाभ वा सेवा सुबिधाजनक पोष्टमा राजनैतिक नियुक्त गर्ने सवालमा होस् लगातार संसदको अधिकार र संसदीय पद्धतीलाई छल्दै सरकार चोरदुलोबाट अघि बढ्दै राज्यको दोहन गरिरहेको छ । कति सम्म हास्यास्पद घटना घट्यो भने कार्यबिधिकै नाममा प्ररम्भमा सरकारले सांसदहरूको पारीश्रमीकको बिषयमा धावा बोल्ने प्रयास गर्यो । प्रदेशसभा पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधा सम्बन्धी विधेयकको मस्यौदामा सांसदहरूलाई स्वकीय सचिबको समेत ब्यबस्था गर्नुस् भनेर बारम्वार मागहरू राख्दा समेत विधेयकलाई सरकारले लत्याईराख्यो अन्तत ब्यवस्थापिका संसदबाट पारित गराउने र सांसदहरूको मांगलाई संबोधन गर्नु भन्दा झण्डै ६ महीना अघी नैं सरकारले मुख्यमन्त्री लगाएत सबै मन्त्रीहरू लगायतको आफ्नो मातहतको सचिवालय, प्रमुख प्रतिपक्ष दलको नेता लगाएतको पारिश्रमिक र सेवासुबिधाको विधेयक सदनमा दर्ता गर्यो । र राज्यको सम्पतिमा हालीमुहाली गर्ने गजबको सिलसिलाको थालनी गर्यो । अर्को एउटा खेतिपाती पनि अहिले राम्रैसंग फस्टाइ रहेको छ कर्णाली तिर कार्यबिधीका नाममा करारमा हजारौं गरिबका छोराछोरीबाट दर्खास्त आव्हान् गर्न लगाउने, कुनै परीक्षा र मापदण्डबिनै आफ्ना आसेपासे वा कमिसनको खेलमा गरीबका छोराछोरीलाई लुट्ने काम निरन्तर भैरहेको छ । कार्यविधीकै कमालबाट कति अरबपति र कति सडकछाप हुने हुन त्यसको अंतिम फैसलाको कारक र कठघरामा कर्णाली प्रदेश सरकार यदि धर्म र पाप भन्ने कतै छ भने दण्ड सजायको भागीदार हुनै पर्ने हो ।

अर्को आश्चर्यको काम समेत प्रदेश सरकारले गर्यो। प्रदेश सभाको पहिलो अधिवेशन लगत्तै बसेको क्याबिनेटले गरेको निर्णय भनेको रारा पर्यटन बर्षमा सरकार आफैं आयोजक भएर पर्यटन बर्ष मनाउने र जसमा प्रमुख अतिथि प्रधानमन्त्री के.पी. शर्मा ओलीलाई बनाउने थियो । म लगायत हामी धेरै सांसदहरूले भन्यौं हामी पहिलो चोटी परिवर्तित सन्दर्भमा संघीयताको कार्यान्वयनको सिलसिलामा र

सरकार सञ्चालन गर्दैछौं सरकार आफै आयोजक भएर कार्यक्रम गर्ने कुरा ठीक छैन तर सरकार उदमंग्न तरिकाले अघि बढ्यो । कुल मिलाएर कार्यक्रम भद्रगोल, अस्तब्यस्त र गन्तब्यहीन त भयो नैं झण्डै अहीले १ करोडको भ्रष्टाचारको मुद्धा खेपीरहेको मात्र छैन कर्णाली प्रदेश सरकारले आफै आयोजक भै गरेको कार्यक्रमको प्रमुख अतिथी रहेका देशका प्रधानमन्त्रीको समेत यस घटनाले कद होच्याउने काम भएको छ । यति मात्र होइन हिजो आफुसँगै युद्ध र आन्दोलनमा होमिएका कमरेडहरू अरु कसैको आसमा बाँच्नु पर्ने, घाइते र शरीरभरी छर्रा बोकेर हिँड्नुपर्ने, हुँदाखाँदाका युवाहरूले काम नपाएर बिदेशका गल्लीमा ज्यान फाल्नु पर्ने अझ कर्णाली प्रदेशको गरीबी र भोकमरीको अवस्थात अझ दर्दनाक छ जहाँ ढिका नुन र कुहीएको चामलको लागि किनेर खान पनि जनता लुछाचुडी गर्ने अवस्था छ जसको कारण झाडापखाला र महामारीबाट बर्षेनी दर्जनौं जनताले ज्यान गुमाउनु परिरहेको दर्दनाक स्थिती बिद्यमान छ । यस्तो अवस्थाका बीच नागरिकलाई समेत आधारभुत आवश्यकता सहितको रोजगारको ब्यबस्था सृजना गर्न नसक्ने सरकार आफूलाई श्रमिक र मजदुरको जस्तो अनुहार देखाउन महिनामा दुई चोटी मोर्निङ वाकको शैलीमा केही थान कर्मचारी, सुरक्षाकर्मी र सचिवालय सहित सेलीब्रेटी बनेर मिडियामा चर्चामा आउँदै रमाउनु साह्रै दुखदायी र कन्तविजोगको स्थिती हो ।

अर्को आश्चर्यको काम संसदमा मिनी संसद भनेर चिनिने संसदीय समितीहरू आजसम्म नागरिकताको जेष्ठताको आधारमा चलिरहेका छन । संसदमा सयौं चोटी यो बिषय उठेको छ, तर एकपछी अर्को कानमा तेल हाल्दै सरकार निदाइ रहेको छ । यस्ता अश्चर्यकर्महरू उल्लेख गर्दै जाऔं भने एउटा ठुलै भोलुम नैं तयार हुन सक्छ तर केही दृष्टान्त मात्र कैद गर्ने प्रयत्न हो यो ।

यो लेख नियाल्दै गर्दा पाठकहरूमा अनेक खालका प्रश्नहरू पैदा हुन सक्छन तर यो लेख लेख्न यो पंक्तिकार किन बाध्य छ भने “खाऔं भने दिन भरीको शिकार नखाऔं भने कान्छाबाबुको अनुहार” भने जस्तै नभनौं कर्णाली प्रदेश कर्णाली नदिमा चुर्लुम्ब डुब्दै लागेको दृष्य प्रष्टै खुला आंखाले देखिरहेको छु यदि भनौं सत्य कुरा राख्दा सरकारको केही कर्तुत बाहीर ल्याउनै पर्ने हुन्छ जुन आफ्नै पार्टीको सरकारको बिरोध गर्नु बिडम्बना मात्र बनेको छैन राजनैतिक बिहीन झुण्डहरूमा भ्रम पर्ने खतरा पनि त्यत्तिकै छ । नेपालीमा एउटा ठेट उखान छ “जोई बाबुले लगे जार कसलाई भन्ने” भने जस्तै यस्तो चरम ब्यथिती र भ्रष्टचारको चंगुलबाट सरकार अघि बढ्दै गर्दा चोर, भ्रष्टचारी र प्रतिक्रियावादी खोज्न कुन देश वा प्रदेशमा जानु पर्ने हो ।

कर्णालीको बिकासको समस्या के हो भनेर सोध्यो भने सरकारका मुख्यमन्त्री र मन्त्रिबाट ओंठे जवाफ आउछ बजेट नहुँदा, कर्मचारी नहुँदा, सांसदहरूले साथ नदिँदा, आफुहरूको अनुभव कम हुँदा, कानून नबन्दा आदि इत्यादी कुराहरूलाई अगाडि सारेर सरकार पन्छिने गर्दछ । तर यिनी सबै भनेर आफ्नो कमीकमजोरी लुकाउन यस्ता वाक्याशंहरूको प्रयोग गरेका हुन् किनकी तुलनात्मक रूपले नेपालका सातै प्रदेश भन्दा कम बिकास बजेट खर्च गर्ने प्रदेश भनेको कर्णाली प्रदेश नैं हो । गत सालको बिकास बजेटको प्रगतीलाई हेर्यो भने दयनीय अवस्था छ, गत वर्ष कर्णाली प्रदेश सरकारको बिकास तर्फ केवल २७ प्रतिशत बजेट मात्र खर्च गरेको छ । अहिलेको बजेटको खर्च प्रगति अझै निरासाजनक छ । २०७६ माघ को दोश्रो साता सम्म कुल बजेटको ५.७० प्रतिशत मात्र बजेट खर्च भएको छ । यसमा पनि अझ बिकास तर्फ केवल ३.३० प्रतिशत मात्र खर्च भएको छ, करीब २२ अर्ब पूँजीगत खर्चमध्ये बिकासमा भएको खर्च प्रतिशतले विहानीले दिउँसोको संकेत गरेझैं भैरहेको छ। यसमा पनि अझ अचम्मको कुरा के छ भने धेरै बजेट केन्द्रित रहेको भौतिक पुर्वाधार बिकास

मन्त्रालयले जम्मा बजेटको ४.८७ प्रतिशत खर्च गरेको छ । करिब ११ अर्ब बजेट रहेको भौतिक मन्त्रालयमा यो बजेटको खर्चको प्रतिशत धेरै कमजोर र लज्जासपद आंकडा हो । यही मन्त्रालयमा आज भौतिक योजना मन्त्री बहीर्गमन भएको पनि झण्डै ६ महीना बितीसक्यो तर मन्त्रालय सचिबको भरमा चलीरहेको छ र यो अवस्थालाई हेर्दा भौतिक क्षेत्रको बचेकुचेको बजेट बांडेर खाने दाउमा सरकार लागेको हो कि भन्ने संका उत्पन्न हुने परिस्थिति सरकारले नैं बनाउदै गैरहेको छ । अनि बाहिर भन्दा बजेट प्रयाप्त भएन भन्ने भित्र ढुकुटीमा रहेको बजेट चलाउन नसक्ने प्रबृती बिद्यमान हुदाहुदै सरकारको कुरा कसले पत्याउने ।

जनतासँगको सम्बन्ध, पार्टीसँगको सम्बन्ध, संघ सरकारसँगको सम्बन्ध र अन्तराष्ट्रिय सम्बन्ध को हिसाबले समेत कर्णाली प्रदेश सरकार सबै भन्दा दयनीय सरकार हो भन्ने थुप्रै तथ्याङ्कले प्रमाणीत गर्दछ । उदाहरणको लागि भर्खरै मात्र स्वीस सरकारले प्रदेश नं १ को सरकारलाइ समतामुलक बिकास अघि बढाउन तथा सार्बजनिक सेवा प्रवाह क्षत्रमा १ करोड डलर लगानी गरेको छ । यसरी प्रदेश १ संघीयता कार्वान्वियनको लागि सबभन्दा पहिले संघीय सरकारबाट वैदेशिक सहायताका लागि पुर्ब अनुमतिको प्रक्रिया पुरा गरी बैदेशीक अनुदान प्राप्त गर्न सफल भएको छ । त्यस्तै ४ नं प्रदेश सरकार र अन्य प्रदेशले समेत बिकास बजेट भित्र्याउन स्वतस्फुर्त पहल गरिरहेका छन । हालसम्म कर्णालीका मुख्यमन्त्री र मन्त्रीहरूले चाइना लगायत धेरै अन्तराष्ट्रिय भ्रमण पनि नगरेका होइनन बिकास र सम्बृद्धि भित्र्याउने नाममा, तर पर्यटक भएर केही दिन फिरन्ते जीवन बिताएर फर्कने बाहेक अरु केही उपलब्धी हात लागेको देखिंदैन ।

यसैले सरकारलाई सकारात्मक ढंगले आलोचना गर्ने, प्रदेश र जनताको पक्षमा उत्तरदायी बनाउने थुप्रै प्रयासहरू नभएका पनि होइनन निरन्तर २ बर्ष सम्म यही गतिमा छलफल भैरहेको छ । यही प्रक्रियामा यो पंक्तिकारको बुलन्द आवाजलाई बन्द गर्न बिभिन्न हर्कतहरू पनि नभैरहेका होइनन। सरकारले सांसदहरूका रचनात्मक आलोचनाहरूलाई सकारात्मक ढंगले लिने र संबोधन गर्ने भन्दा पनि नकारात्मक रूपमा लिने, प्रतिशोध गर्ने र शक्तिबाट देखाइदिने शैली अवलम्बन गरीरहेको छ । सरकार बिश्वस्त छ प्रदेशसभामा बिपक्ष कमजोर मात्रै छैन आफ्नो अनुकुल चलाउन सरकार सफल भएको छ, सत्तापक्षका सांसहरू जति सुकै बिरोध गरे पनि आफ्नै सरकारलाई अपदस्त गर्ने तह सम्म नजान सक्छन वा केही हर्कत गरीहाले पनि आफ्नै दल भित्र कार्बाहीको डण्डा देखाएर तह लगाउन सकी हालिन्छ भन्ने फर्मुलाबाट अबका बांकी अढाइ बर्षमा समेत यही कार्यशैलीबाट आफ्नो कुर्चि सुरक्षित राख्न सकिन्छ भन्ने दाउमा कर्णाली प्रदेश सरकार धुर्वे हात्ति जस्तै अगाडि लम्कीरहेको छ । तर यक्ष प्रश्न के हो भने सरकारले भलै बिपक्षीलाई आफ्नो अनुकुल चलाउला, सत्ता पक्षका सांसदहरूलाई पार्टी अनुशासनको डण्डा लगाएर तह लगाउन पनि सक्ला तर यही बेथिती र अस्तब्यस्तताका बीच यदि कर्णाली प्रदेश सरकार अघि बढेमा यहाँको स्थायी प्रतिपक्षका रूपमा भोग, रोग र शोकले ग्रसित आम कर्णाली प्रदेशबाशी जनता सरकारको बिरुद्धमा उठ्ने छन त्यसबेला सरकारको कुर्चि त बच्ने छैन नैं आजीवन स्वर्गको संसारमा जिउने कल्पनामा डुबेको भौतिक छाला समेत जोखिममा पर्न सक्छ । सँगसँगै त्यसबेला सरकारलाई देखाएर भाग्ने समय हामी उत्पीडीत सांसदलाई पनि हुने छैन त्यो जनताको आक्रोसको अग्नी ज्वाला सुकेको जंगलमा काचो रुखहरू डडेलो लागे जस्तै गरी हामी समेत भष्म हुने खतरा त्यत्तिकै देखिएको छ । यस कुराको सफा तस्वीर देखी सकेपछी कमसेकम इतिहांसमा यति कुरा दर्ज गरीयो भने भोलीको पुस्ताले यो भग्नावशेषलाई हेरेर वास्तविक इतिहांसको अध्ययन गर्न सकोस् भन्ने उदेश्यले जोखिमपूर्ण स्थितीमा कलम चलाउने

हिम्मत निरन्तर भै रहेको छ । यदि अर्को अंक सम्म जाँदा पनि सरकारको यस्तो रवैयामा कुनै सुधार भएको संकेत आएन भने मुख्यमन्त्री र मन्त्रीहरूको खेश्रा खेश्राको अभिलेख तयार गरी यस्तै खालको राजनैतिक लेखमा मात्र सिमीत नगरी प्राविधिक रूपमा पाइला पाइलाको डोवको हिसाब गरी यो पंक्तिकार उजागर गर्न बाद्य हुने छ संभवत त्यसपछी मन्त्रीहरूको कुर्ची हल्लाउने मात्र होइन बली राजाले जस्तो सिधै पातालमा ओलप हुने अवस्था पनि सृजना नहोला भन्न सकिदैन ।

त्यसकारण अब केवल तीन वटा विकल्प मात्र सरकारसँग बाँकी छ पहिलो जनता र पार्टीको पक्षमा आफ्नो कार्यशैलीलाई आमुल रूपमा परिवर्तन गर्न पाइला चाल्ने वा यथार्थमा आफ्नो मुल्याङ्कन गरेर दल भित्रका क्षमतावान साथीहरूलाई सरकार बदल्नको लागि मार्ग प्रशस्त गर्ने वा माथि भने जस्तै आम जनताको घेराबन्दीमा कंसिदै अन्तत्वगत्वा अंतिम बिनासको लागि दिन पर्खेर बस्ने । फेरी पनि आदरणीय प्रदेशबासी जनता निरास नबनौं सकारात्मक कोणबाट सबैले आ-आफ्नो भूमिकालाई गतिशील बनाउदै कालो बादल भित्र चाँदीको घेरालाई पछ्याउदै अघि बढौं । तत्काल यो भन्दा अर्को विकल्प हामीसँग छैन ।